# कटारी नगरपालिका
# नगरकार्यपालिकाको कार्यालय
# कटारी उदयपुर

**School MIS Software खरिद सम्बन्धी सिलबन्दि दरभाउपत्र आह्वानको सूचना**

**प्रथम पटक प्रकाशित मिति २०७६।११।१३गते**

यस कटारी न. पा.का लागि सम्पुर्ण ८५ वटा सामुदायिक विद्यालयलाई School MIS Software खरिदगर्नदरभाउपत्रको माध्यमबाटखरिद गर्नुपर्ने भएकोले सम्बन्धितइच्छुकफर्म/कम्पनी, सप्लायर्सहरुबाट यो सूचनाप्रकाशितभएको मितिले १५ औं दिनको कार्यालय समय भित्र यस कटारी नगर पालिकाको कार्यालय, कटारी, उदयपुरमा सम्पर्क राखी निम्न शर्तहरुको अधिनमा रही सिलबन्दि दरभाउ पत्र खरिद गर्न यो सूचना प्रकाशित गरिएको छ।

१) दरभाउपत्रफारामखरिद गर्न नविकरणगरिएको फर्म तथाकम्पनीदर्ता प्रमाणपत्र, Software को कारोवार गर्ने ईजाजतपत्र, आयकर दर्ता प्रमाणपत्र र मुल्यअभिबृद्धि कर दर्ता प्रमाणपत्र, नेपालीनागरिकताको प्रमाणपत्रको प्रमाणितप्रतिलिपीहरु तथाआ.व.०७५/०७६ सम्मको कर चुक्ताप्रमाणपत्रको प्रमाणितप्रतिलिपीहरु प्रथमपटक सूचनाप्रकाशितभएको मितिले **१५** औं दिन सम्मकार्यालय समय भित्र**रु. १०००।- अक्षरेपी रु. एक हजार मात्र** (फिर्ता नहुने गरी) जम्मा गरेको सक्कलै रसिद निबेदनसाथ संलग्न राखी दरभाउ पत्रदाता स्वयं उपस्थितभई वानिजको आधिकारिक मञ्जुरीनामा सहितको अधिकृत प्रतिनिधीले दरभाउपत्रखरिद गर्न सक्नेछ।

२) खरिद गरेको सिलबन्दिदरभाउपत्र रितपुर्वक भरी प्रथमपटकप्रकाशितभएको मितिले **१६** औं दिनको **१२** बजे भित्र यस कार्यालयमादर्ता गर्नुपर्नेछ। वोलपत्र हुलाक ,कुरियर मार्फत पनि तोकिएको स्थानमा नर्धारित समय भित्र दाखिला भएमामात्र दर्ता गरिनेछ। म्यादभित्रदर्ताहुन आएका सिलबन्दी दरभाउपत्र फारम सोहि दिनको २ बजे कार्यालयका प्रतिनिधिहरु र दरभाउपत्र दाता वा निजको प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ। सिलबन्दि दरभाउ पत्र दरभाउपत्र दातावानिजको प्रतिनिधी उपस्थित नभएमा पनि दरभाउ पत्रखोल्नमा बाधा पर्नेछैन।

३) सिलबन्दिदरभाउपत्रमाजमानतवापतआफुले कबोल गरेको कुलअंकको **२.५ प्रतिशत (अढाई प्रतिशत)** ले हुनआउने रकम बैंक जमानतवा यस कटारी न.पा. कार्यालयको नाममा रा.बा.बैंक, कटारीमा रहेको धरौटीखाता नं. : **२०५०३०३००७१०२**मानगदजम्मा गरी सो को सक्कलै बैंक भौचर दरभाउपत्र साथ पेश गर्नु पर्ने छ वाकम्तिमा १२० दिनम्यादभएको जमानतपत्र (विडवण्ड) सक्कलप्रति पेश गर्नुपर्नेछ।

४) सिलबन्दिदरभाउपत्रदर्ता गर्ने, खोल्ने दिन सार्वजनिकबिदा परेको खण्डमा सोको भोलिपल्टकार्यालय समयभित्रखोलिनेछ।

५) दरभाउपत्र स्वीकृत भएको सुचनादिएको १५ दिनभित्र सम्झौतागर्न आउनु पर्नेछ र सम्झौतागर्न आउँदाकबोल अंकको ५ प्रतिशतले हुनआउने रकम बराबरको मान्यताप्राप्त बैंकबाटजमानतपत्रवाउल्लेखित धरौटीखातामा रकमजम्मा गरेको सक्कलै भौचर कार्य सम्पादनजमानतवापत पेश गर्नुपर्नेछ। नगदजमानत राखेकोमापछि बैक जमानतमा परिणतगर्न पाईनेछैन।

६) दरभाउपत्रदाताले कबोल गरेको दर भाउअंक र अक्षरमा केरमेट नगरी,स्पष्ट रुपमाउल्लेख गर्नुपर्नेछ। अंक र अक्षरमा फरक परेमाअक्षरमा लेखेको दरलाई मान्यतादिईनेछ। केरमेट वाथपघटगर्नुपर्ने भएमाबुझिने गरी सो काटिएको वाथपिएको ठाउँमाआधिकारिक ब्यक्तिको हस्ताक्षर हुनुपर्नेछ।

७) सिलबन्दि दरभाउ पत्र दाताले दरभाउ पत्र खरिद गर्दा सम्बन्धित कार्यालयको अधिकार प्राप्त अधिकारीको दस्तखत र कार्यालयको छापलागेको दरभाउ पत्र फारम खरिद गर्नु पर्नेछ। आधिकारिक दस्तखत र कार्यालयको छापनलागेको दरभाउ पत्रफाराम मान्यहुनेछैन।

८) रित नपुगेको, म्यादनाघिआएको वाकुनै किसिमको शर्त राखी प्राप्तहुन आएको सिलबन्दि दरभाउपत्र माथीकुनै कारबाहीहुने छैन।

९) पेश हुनआएका दरभाउ पत्रहरुको स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमानिहित रहनेछ। साथै दरभाउ पत्रमा उल्लेखितभएका फिचरहरु थप घटहुन सक्नेछ।

१०) कार्यालयमासँग सहकार्य गरि स्वयम् उपस्थितभइवा online support वाट कटारी न. पा.मा उपलव्ध गराउनु पर्ने छ। साथै सम्झौतागरिएको दिनवाट १ महिनाभित्र क. न. पा. माहस्तान्तरणगरि सक्नु पर्ने छ।

११) एक बिकेताको नाउँमा विकीभएको दरभाउपत्रअर्को विक्रेताको नाउँमादाखिलागर्न पाउने छैन।

१२) यस सूचनामाउल्लेख हुन छुट भएका कुराहरु **सार्वजनिकखरिद ऐन, २०६३, सार्वजनिकखरिद नियमावलि, २०६४** तथा प्रचलित नेपालकानुनअनुसार हुनेछ।

१३) सिलबन्दि दरभाउपत्र सम्बन्धि अन्य कुरा बुझनु परेमा यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राखीबुझन सकिनेछ।

**तपसिल**

| क.स. | ठेक्का नं. | विवरण | Technology | न्युनतम कवोल अंक: | धरौटी रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| ०१ | ०६-२०७६/०७७ | School MIS Software | • **Server OS :** Linux Server<br>• **Database :** Oracle<br>• **Development Language :**<br>• PHP(Laravel Framework)<br>• VueJS<br>• **Web Service API :** REST API<br>• **API Authentication** : JWT (OAuth) | रु. १५,००,००० | कबोल गरेको कुलअंकको २.५ प्रतिशत | मु.अ.कर सहित |

प्रमुखप्रशासकीयअधिकृत

नोट :- सूचनामाउल्लेख नभएका विषयहरुको हकमा प्रचलित नियमकानून वमोजिम हुनेछ। दरभाउपत्र सम्वन्धी अन्य कुरा वुझ्न परेमा कार्यालय समय भित्र कार्यालयमा सम्पर्क राखीवुझ्न सकिनेछ।

## पूर्व प्रधान.....

सिफारिस गरिसकिएको भन्दै भ्रष्टाचार र अनियमिता गर्ने जो कसैलाई पनि राज्यले कारवाहीको दायरमा ल्याउनुपर्ने बताइन्। 'हामी कारवाही गर्ने निकाय होइनौं, तर जनताको उजुरीका सम्बन्धमा कारवाही हुनुपर्छ भन्नेमा समितिमा एकमत छ। सायद सम्बन्धित निकायमा पत्राचार पनि भइसकेको छ। अनुसन्धानपछि कारवाही हुनेछ भन्ने हाम्रो अपेक्षा छ।'

उता सम्पत्ति शुद्धिकरण विभागका महानिर्देशक रुपनारायण भट्टराईले विभागमा आएको पत्रका आधारमा अध्ययन गरेर के गर्ने भन्ने निर्णय लिने बताए।

## राष्ट्रियसभा सदस्यको शपथ २१ गते

■ जनभाव संवाददाता

**उदयपुर, फागुन १३**

नवनिर्वाचित राष्ट्रियसभा सदस्यको शपथ यही फागुन २१ गतेका लागि तय भएको छ। गत माघ ९ गते निर्वाचित १८ जनालाई राष्ट्रियसभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाले शपथ गराउने कार्यक्रम २१ गतेका लागि तय भएको संघीय संसद सचिवालयले जानकारी दिएको छ।

राष्ट्रिय पोशाक वा आ( आफ्नो पहिचान झल्किने पोशाकमा शपथ लिन सक्ने सचिवालयले जनाएको छ। साथै आफ्नो मातृभाषामा समेत शपथ लिन सक्ने सचिवालयले जारी गरेको सूचनामा उल्लेख गरेको छ। त्यसका लागि शपथको व्यहोरा आफ्नो मातृभाषामा अनुवाद गरी ३ दिन अगावै संघीय संसद सचिवालयमा पठाउनु पर्ने छ।

शपथ लिने राष्ट्रियसभा सदस्य पदको प्रमाणपत्र र नागरिकताको प्रमाणपत्रको सक्कल तथा प्रतिलिपि एकरएक प्रतिसहित एक घण्टा अगावै उपस्थित हुन सूचित गरिएको छ।

१८ जना सदस्यको दुई वर्षे कार्यकाल यही फागुनमा सकिने भएपछि उनीहरुको स्थानमा चुनाव भएको थियो। जसमा नेकपाका १६ र राजपाका २ जना उम्मेदवार निर्वाचित भएका छन्। प्रदेश एकबाट ३ जना, प्रदेश दुईमा ४, बागमतीमा २, गण्डकी प्रदेशमा २, प्रदेश पाँचमा ३, कर्णालीमा २ र सुदूरपश्चिम प्रदेशबाट २ जना निर्वाचित भएका हुन्।

## प्रत्यक्ष निर्वाचित राष्ट्रपति बनाउने प्रस्ताव

■ जनभाव संवाददाता

**उदयपुर, फागुन १३**

सत्तारुढ नेकपाले र ाष्ट्रियसभा सदस्य पनि प्रधानमन्त्री बन्न पाउने गरी संविधान संशोधन कार्यदल गठन गरेका बेला नेकपा कै सांसदले भने प्रत्यक्ष निर्वाचित कार्यकारी र ाष्ट्रपति बनाउने गरी संविधान संशोधनको प्रस्ताव राखेका छन्।

प्रतिनिधिसभाको मंगलबार को बैठकमा विशेष समय लिएर बोल्दै नेकपा सांसद तथा पूर्व कानूनमन्त्री शेर वहादुर तामाङले प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुख रहने गरी शासकीय स्वरुप बनाउनुपर्ने बताए।

संविधान जारी गर्ने बेला त्रुटि भएको भन्दै उनले भने, 'अब प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुखको निर्वाचन प्रणालीमा जानको लागि सबैको ध्यानाकर्षण गराउन चाहान्छु। प्रत्यक्ष निर्वाचित राष्ट्रपतिको प्रणालीमा जाउँ।'

तामाङले प्रत्यक्ष निर्वाचित र ाष्ट्रपतिय प्रणालीमा जाँदा १५१ सदस्यीय एउटामात्रै संसद पूर्ण समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित हुने व्यवस्था गर्न समेत उनले प्रस्ताव राखेका छन्। तामाङले संघीय संरचनालाई समन्वयकारी मात्र बनाउने र स्थानीय तहको संख्या ७५३ बाट घटाएर ३५० को हार ाहारीमा ल्याउन समेत प्रस्ताव र ाखेका छन्। तामाङले सत्तारुढ दल र बाहिरबाट समेत संविधान संशोधनको कुरा उठिरहेका बेला प्रत्यक्ष निर्वाचित राष्ट्रपति र पूर्ण समानुपातिक निर्वाचन प्रणालीको संसदका पक्षमा यसै संसदबाट संविधानमा संशोधन गर्न समेत प्रस्ताव राखेका हुन्।

